**Scholars' Journal**
ISSN: 2645-8381
Published by Scholars' Association of Nepal
A Multidisciplinary Peer Reviewed, Open Access Journal
https://www.nepjol.info/index.php/scholars

# समकालीन नेपाली कथामा नारीवादी चेतना

अम्बिका अर्याल, *पिएचडी*
पद्मकन्या बहुमुखी क्याम्पस
त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: ambiaryal@gmail.com

**Article History: Received:** 06 August 2021; **Revised:** 25 November 2021; **Accepted:** 27 November 2021

**लेखसार**

समकालीन नेपाली कथामा नारीवादी चेतना मुखरित भएको पाइन्छ । नारीवादी चेतनाले नारीको अस्तित्व, पहिचान, समानता र स्वतन्त्रताको पक्षमा वकालत गर्दछ । समकालीन नेपाली कथामा पनि नारीहरूका लैङ्गिक असमानताप्रतिको चेतनालाई मूख्य रूपमा उजागर गरिएको छ । यस्तै नारीहरू लिङ्गकै आधारमा दमनमा परेको अवस्थाको विद्रोहलाई समकालीन कथाहरूले विषयवस्तु बनाएका छन् । राजनीतिक, शैक्षिक, पेसागत, आर्थिक, सामाजिक तथा सांस्कृतिक एवम् धार्मिक क्षेत्रमा समेत नारीहरूले सहनु परेको विभेद र त्यसबाट उनीहरूमा जागृत चेतनासम्बन्धी विषय कथाभित्र समाहित छन् । समकालीन कथामा नारीलाई पुरुषसरह अधिकार दिनुपर्ने कुरामा जोड दिनुका साथै नारी समस्यालाई समाधान गर्न सक्नु देश विकासको गतिमा लम्कनु हो भन्ने सन्देश समेत प्रसारित गरिएको छ । वि.सं. २०४६ सालपछि लेखिएका वा समकालीन नेपाली कथाले पितृसत्ताकै कारणले नारीहरू दमनमा परेका हुनाले त्यसप्रति सचेत भएर नारी तथा पुरुषले कदम चाल्नुपर्ने विषयलाई प्राथमिकताका साथ प्रस्तुत गरेको पाइन्छ । पुरुषलाई जीवनबाटै हटाउने भन्दा पनि हातेमालो गर्दै एकअर्काको अस्तित्वलाई सकार्दै अघि बढ्नुपर्ने विचारमा जोड दिइएको हुनाले समकालीन नेपाली कथामा उदार नारीवादी प्रवृत्ति प्रस्तुत भएको पाइन्छ ।

***मुख्य शब्दावली :*** अस्तित्व, पितृसत्ता, महिलाहिंसा, लैङ्गिकता, समलिङ्गी

## परिचय

नेपाली साहित्यमा आधुनिक कथाको आरम्भ गुरुप्रसाद मैनालीको 'नासो' (शारदा, १९९२) कथाबाट भएको मानिन्छ । नेपाली जीवन र समाजको यथार्थ अभिव्यक्ति तथा नवीनताको आग्रह लिएर नेपाली साहित्यमा आधुनिक कथाहरू देखा परेका हुन् । आधुनिक नेपाली कथालाई समयका आधारमा पूर्ववर्ती (वि.सं. १९९२ देखि २०३५) र उत्तरवर्ती वा समसामयिक धारा (वि.सं. २०३६ देखि हालसम्म) गरी दुई खण्डमा विभाजन गर्ने प्रचलन रहेको छ । पूर्ववर्ती चरणका नेपाली कथालाई पनि सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी, मनोवैज्ञानिक यर्थावादी, अस्तित्ववादी, समाजवादी यथार्थवादी वा

*Copyright 2021 ©Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

प्रगतिवादी, नवचेतनावादी वा प्रयोगवादीजस्ता प्रवृत्तिका आधारमा विभाजन गरिएको पाइन्छ । वि. सं. २०३६ सालदेखि यताको अवधिमा लेखिएका कथालाई समसामयिक नेपाली कथा अथवा उत्तरवर्ती एवम् आधुनिकोत्तर नेपाली कथा भन्ने परम्परा रहिआएको छ । परम्परित शिल्पसंरचना प्रविधिभन्दा नितान्त भिन्न रुपमा लेखिएका, युगबोधी र अग्रभूमि निर्माण गर्ने कथाहरू नै वास्तविक रूपमा समकालीन कथा हुन् (गौतम, २०६८, ९८) । विशेषत : वि. सं. २०४६ को राजनीतिक परिवर्तनले नेपाली कथाको विषय र शैलीमा नवीनता थपेको छ । जनतामा आएको जागरणले परम्परागत मान्यता र थिचोमिचोप्रति विरोध गर्ने परिपाटीका विकास हुन गई कथामा पनि त्यसको प्रत्यक्ष प्रभाव परेको पाइन्छ । यस समयका कथाहरूमा वर्गीय, धार्मिक, सामाजिक एवम् राजनीतिक मात्र नभएर पितृसत्तात्मक समाज व्यवस्थाले सिर्जना गरेको लैङ्गिक विभेद, नारी अधिकारको हनन तथा नारीमाथिको शोषण एवम् दमनका विरुद्ध जागृत चेतनाले पनि स्थान पाएको छ । यसर्थ नारीहरूमाथि हुने गरेका जुनसुकै किसिमका विभेद, दमन, शोषणका विरुद्धमा जागृत चेतनाका माध्यमबाट नारीका हकहितका पक्षमा उठाइएका आवाजलाई समकालीन नेपाली कथामा प्रस्तुत नारीवादी चेतना मानी सोको निरुपण यहाँ गरिएको छ ।

यस अध्ययनमा समकालीन नेपाली कथामा प्रस्तुत नारीवादी चेतनाभित्र लैङ्गिक विभेद र पितृसत्ताको विरोधप्रतिको चेतना तथा नारी अस्तित्वको खोजीसम्बन्धी चेतना केकस्तो छ भन्ने मूल जिज्ञासाको समाधान खोज्ने मूल ध्येय राखिएको छ ।

## अध्ययन विधि

यो अनुसन्धान मूलतः साहित्यिक अनुसन्धान भएकाले सामग्री सङ्कलनको मूल आधार पुस्तकालयलाई बनाइएको छ । यस क्रममा यस विषयक्षेत्र अन्तर्गतका विवेच्य कथाहरू प्राथमिक सामग्रीका रूपमा रहेका छन् भने सैद्धान्तिक ढाँचाको निरूपण र कथा विवेचनाका क्रममा प्रयोग गरिएका पूर्ववर्ती अध्ययन तथा सन्दर्भ ग्रन्थहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । वि.सं. २०४६ पछि प्रकाशित नारीवादी प्रवृत्ति प्रस्तुत भएका समकालीन नेपाली कथाहरूलाई यहाँ चयन गरिएको छ । यस क्रममा उद्देश्यमूलक नमुना छनोट विधि अवलम्बन गरी नारीवादी प्रवृत्ति हाबी भएका समकालीन नेपाली कथाको चयन गरिएको छ । यी कथालाई नारीवादी सिद्धान्तका सापेक्षतामा विश्लेषण गरिएको हुनाले यसमा निगमनात्मक विधिको प्रयोग भएको छ ।

## समकालीन नेपाली कथामा नारीवादी चेतनाको विश्लेषण

समकालीन नेपाली कथामा नारीका समस्यालाई मूल विषय बनाउने प्रवृत्ति भेटिन्छ । एक्काइसौं शताब्दीका नारीहरूले पनि दमनात्मक व्यवहारलाई सजिलै पचाउँदै भविष्यका सन्ततिलाई समेत नारी हुनुको अर्थ दुई हिसाबले सिकाइरहेको परिस्थितिका चित्रण समकालीन कथामा पाइन्छन् । एकथरि कथाहरू नारीलाई सहनशील, धैर्यवान् र पुरुषकी सेविकाका रूपमा मस्तिष्कमा पकड जमाउने कार्यमा डटिरहेका छन् भने अर्काथरि कथाहरू नारीको स्वअस्तित्व, पहिचान र अधिकारप्रति चेतनाको विकास गर्ने अभिप्राय बोकेर लेखिएका छन् । तुलनात्मक रूपमा हेर्दा समकालीन कथामा पनि पितृसत्तालाई नै

मलजल गर्ने किसिमका कथाहरूको हालीमुहाली पाइन्छ । तर सङ्ख्यात्मक हिसाबले कम देखिए पनि केही समकालीन कथाहरू लैङ्गिक उत्पीडनको विरोध गरी समतामूलक समाजको निर्माणमा अग्रसर देखिन्छन् । यसर्थ समकालीन कथाहरूमा प्रस्तुत नारीवादी चेतनाको विश्लेषणका लागि वि. सं. २०३६ पछि प्रकाशित सबै कथालाई नलिएर नारीका हकहितका रक्षाका लागि आवाज उठाइएका कथालाई मात्र चयन गरिएको छ । सो क्रममा नारीवादका अलगअलग धारले प्रस्तुत गर्ने फरक अभिमतका आधारमा नभई सबैधारका साझा मान्यताका आधारमा कथाको विश्लेषण गरी नारीवादी प्रवृत्तिको निरुपण गरिएको छ । यसर्थ पाश्चात्य नारीवादका सबै प्रवृत्ति नेपाली कथामा नपाइने हुनाले नेपाली कथामा अभिव्यक्त नारीचेतनालाई सम्बोधन गर्ने निश्चित बुँदा निर्माण गरी कथा प्रकाशन समयक्रमानुसार समकालीन नेपाली कथामा अभिव्यक्त नारीवादी चेतनाको निरुपण अलगअलग शीर्षकमा यसप्रकार गरिएको छ :

**लैङ्गिक विभेदको विरोधसम्बन्धी नारीवादी चेतना**

अन्य प्राणीमा जस्तै जैविक आधारमा मानव जातिका पनि नारी र पुरुष गरी दुई लिङ्गव्यवस्था छन् । यस किसिमको वास्तविक जीववैज्ञानिक लिङ्ग निर्धारणभन्दा भिन्न महिला र पुरुषको सामाजिक तथा सांस्कृतिक परिभाषाले लैङ्गिकता जन्माएको छ । यसले नारी र पुरुषका कार्य, स्वभाव, अधिकार, क्षेत्र आदि क्षेत्रमा लिङ्गलाई आधार रेखा मानेर विभेदको सिर्जना गरिदिएको छ । यो सीमारेखा पितृसत्ताले निर्माण गरेको हुनाले पुरुषकेन्द्री छ । यसले नारीमाथि विभेद, दमन र शोषणको नीतिलाई प्राथमिकता दिएको छ । यस किसिमको सामाजिक तथा सांस्कृतिक लिङ्ग निर्धारण सम्बन्धी दृष्टिकोणको विरोधमा लैङ्गिक विभेदप्रतिको नारीचेतना विकास भएको पाइन्छ । पितृसत्ताले महिला र पुरुषबिच विद्यमान जीववैज्ञानिक भिन्नतालाई मूल आधार बनाई तदनुरुपको विभेदकारी सामाजिक सांस्कृतिक परिपाटी निर्धारण गरी समाजमा महिला र पुरुषलाई एकभन्दा अर्को नितान्त भिन्न स्वभाव र भिन्न आवश्यकताको प्राणी हो भन्ने ठहऱ्याइदिएको छ (पाण्डे, २०६९ : ११) ।समकालीन नेपाली कथामा लिङ्गका आधारमा नारीमाथि गरिने विभिन्न किसिमका विभेदको विरोध गरिएको छ । विशेषगरी शिक्षा, रोजगारी, पैतृक सम्पत्ति आदिमा नारी भएकै कारणले पुरुषसमान अधिकारबाट वञ्चित गरिएका सन्दर्भहरू समकालीन नेपाली कथामा प्रस्तुत भएका छन् ।

नारीहरू पुरुषसरह मानवजाति भएर बाँच्न नपाउने परिस्थितिको विरोध गरिएका समकालीन नेपाली कथाहरू उल्लेख्य मात्रामा देखिन्छन् । नारी तथा पुरुष लेखकका कलमबाट लैङ्गिक विभेदको अन्त्य र समतामूलक समाज निर्माणको सन्देश दिएका समकालीन कथाहरू प्रशस्त छन् ।

समकालीन नेपाली कथामा नारीहरूको सङ्घर्ष, चुनौतिको सामना गर्ने क्षमता तथा स्वतन्त्र निर्णयजस्ता प्रवृत्तिमार्फत लैङ्गिक विभेदको विरोध तथा नारी समानताको चेतनालाई प्रस्तुत गरिएको पाइन्छ ।

जलेश्वरी श्रेष्ठले **मौन विद्रोह** (२०६१) कथासङ्ग्रहमा अनमेल विवाह, नारीप्रति भेदभाव गर्ने असमान कानुन, पुरुषप्रधान समाजमा नारीले शोषित हुनुपर्ने स्थिति, नारीलाई वस्तु ठान्ने पुरुष मानसिकता आदिमाथि बलियो प्रहार गरेकी छन् (उप्रेती, २०६१ प्रकाशकीय, पृ. ग) । यस सङ्ग्रहमा सङ्गृहीत बदला, अन्तरविद्रोह, मृत्युदण्ड, चिसिएको रगतजस्ता कथामा पुरुषसँग बदला लिन सक्ने साहसिक र सङ्घर्षशील नारीहरूको उपस्थितिमार्फत लैङ्गिक समानताको वकालत गरिएको छ । यस्तै पुण्य कार्कीको **मध्यरातमा** (२०६२) कथासङ्ग्रमा सङ्गृहीत काँचोवायु शीर्षकको कथामा नारीपात्र सविनाले आफ्नो पतिको छोराप्रति आसक्ति देखाउँदै दुई छोरी जन्मेपछि तेस्रो सन्तान छोरा नै पाउनुपर्ने उर्दी गरेको र लिङ्गपहिचान गर्दा छोरी गर्भमा आएको थाहा पाएपछि गर्भपतन गर्न दबाब दिएको सन्दर्भको विरोध गरिएको छ । यसमा दुईवटी छोरी जन्माइसकेकी सविनाले तेस्रो सन्तान छोरी नै भए पनि गर्भपतन नगरी तीनवटै छोरीलाई एक्लै पाल्ने निधो गरेकी छ (पृ. १०) । उसले नराधम पुरुषसँग सम्झौता गरेर नबसी समयका चुनौतीसँग मुकाविला गर्ने अठोट गरेकी हुनाले यसमा लैङ्गिक विभेदको विरोधप्रतिको चेतना प्रस्तुत भएको छ ।

समकालीन नेपाली कथामा पितृसत्ताले निर्माण गरेको धर्म, संस्कार, मूल्य र मान्यताले लैङ्गिक विभेद सिर्जना गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ र यसप्रतिको चेतना तथा विद्रोह कथामार्फत प्रस्तुत गरिएको पाइन्छ । मनु ब्राजाकीको **अन्नपूर्णाको भोज** (२०७०) कथासङ्ग्रहभित्रको भविष्ययात्रा शीर्षकको कथामा पितृसत्ताले निर्माण गरेको पितृसत्ताद्वारा निर्मित विवाह संस्थाले लैङ्गिक विभेदको खाडल सिर्जना गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यसमा नारी र पुरुषबीचको विभेदलाई अन्त्य गर्न यस किसिमको संस्कारको जरोलाई उखेल्नुपर्ने, विवाह संस्था नै यसको मूल जरो भएकाले त्यसको विरोध गर्नुपर्ने, आर्थिक क्रान्तिका साथै सांस्कृतिक क्रान्ति गर्नुपर्ने जस्ता सन्दर्भहरू प्रस्तुत गरिएको छ (पृ. १००) । यसर्थ लैङ्गिकविभेदको स्थापनामा मूल भूमिका रहेको पितृसत्तात्मक वैवाहिक सम्बन्धसम्बन्धी परम्पर ाको विरोध गरी समतामूलक समाजको विकासमा जोड दिइएको हुनाले समकालीन कथामा नारीचेतना प्रस्तुत भएको पाइन्छ । छोरीहरूलाई छोरासमान सन्तानका रूपमा व्यवहार नगरिने, विवाहपश्चात अर्कैको नासोका रूपमा घर र माइतबाट नारीअपनत्वको भावलाई निस्तेज पारिने मात्र नभएर नारीलाई अर्काको घर जाने जातका रूपमा हेरी शैक्षिक अवसरबाट मुक्त गरिने तत्कालीन नेपाली समाजको विभेदपूर्ण व्यवहार तथा सोचबाट समकालीन नेपाली कथाहरूसमेत आक्रान्त बन्न पुगेको देखिन्छ । धेरै जसो समकालीन नेपाली कथाले यही विभेदपूर्ण नारीदुर्दशालाई प्रस्तुत गरेका छन् । शान्ता श्रेष्ठको **आक्रोशका काँडाहरू** (२०७१) कथासङ्ग्रहको तेस्रो आँखा शीर्षकको कथामा इच्छाविपरीत बाल्यकालमै बहुलाहा पुरुषसँग विवाह गरिदिएपछि विधवा बनेकी नारीको सङ्घर्षलाई प्रस्तुत गरिएको छ । यसमा महिनावारी हुनु अघि नै बिहे गरिदिएर पुण्य कमाउने विश्वास बोकेका बाबुआमा तथा बहुलाहाको बिहे गरिदिएपछि रोग निको हुने धारणा बोकेको समाजले लैङ्गिक आधारमा नारीमाथि गरेको विभेद र शोषणको विरोध गरिएको छ (पृ. ३६) । यसमा सम्पत्तिमा समान अधिकार, बाल तथा अनमेल विवाहको विरोध, विधवा नारीहरूले दोस्रो बिहेमा पाउनुपर्ने स्वतन्त्रता जस्ता विषयमा आवाज उठाएर लैङ्गिक समानताप्रतिको चेतना प्रस्तुत गरिएको छ ।

समकालीन नेपाली कथामा नारीहरूलाई यौन, प्रेम, विवाहजस्ता विषयमा पुरुषले जस्तो खुलेर बोल्ने र निर्णय लिने अधिकार नभएको प्रचलनको विरोध गरिएको छ । यसका साथै नारीलाई सती लैजाने प्रचलनको पनि विरोध गरिएको छ । इस्माली र लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित **प्रज्ञा आधुनिक नेपाली कथा भाग ३** (२०७२) मा सङ्गृहीत कृष्ण धराबासीको भोला कथामा सतीप्रथाका नाममा नारीहरूमाथि गरिने लैङ्गिक विभेद तथा अन्यायको विरोध गरिएको छ । यस्तै चिम्खोले काइँलाको **अर्ली भाइ** (सन् २०१७) कथा सङ्ग्रह भित्रका कान्छीको जिन्दगी, निरुता भाञ्जीजस्ता कथामा विधवा नारीले दोस्रो विवाह गर्नका लागि स्वतन्त्र रहेको, यौन, प्रेम तथा विवाहमा नारीहरू पुरुषसरह खुल्न र निर्णय गर्न सकेको सन्दर्भमार्फत लैङ्गिक समानताको स्थितिलाई चित्रण गरिएको छ ।

समकालीन नेपाली कथामा जैविक लिङ्गका आधारमा नारी र पुरुषमा गरिएको विभेदको विरोध गरिएको छ । बेन्जु शर्माको **बेन्जु शर्माका कथाहरू** (२०७२) कथासङ्ग्रहका कथाहरूमा नारी र पुरुषबीचको लैङ्गिक असमानताले गर्दा नारी समुदायले भोग्नुपरेको पीडा र अग्राधिकार पाएको पुरुष समाजले गरेको असमान स्थितिलाई दर्साइएको छ । लोहारपट्टीवाली शीर्षकको कथामा छैँटौं सन्तानका रुपमा बल्लतल्ल छोराको जन्म भएपछि हर्षको सीमा नरहेको तर प्रसव वेदनाको पीडाले बालककी आमाको मृत्यु भएकोमा कसैको ध्यान नगएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यसमा प्रस्तुत "यो लोग्ने मानिसको साम्राज्य भएको संसारमा कहिले महिलाहरू शक्तिशाली होलान् ? सधैं पराजय भोग्न बाध्य उनीहरूलाई कहिले विजयले साथ देला ? कहिले मांसल शक्तिको युग गएर बुद्धि र विवेकको युग आउला ?" भन्ने कथनले लैङ्गिक विभेदको अन्त्य र समातामूलक समाजको चाहनालाई प्रस्तुत गरेको छ । यस किसिमको चेतना प्रस्तुत गरिएका कथाहरूमा कमल निओल, निलम कार्की निहारिका, गायत्री विष्ट, हिरण्यकुमारी पाठक, नवीन विभास, महेश विक्रम शाह आदिका कथाहरू पनि उल्लेखनीय रहेका छन् ।

**पितृसत्तात्मक शोषणको विरोधसम्बन्धी नारीवादी चेतना**

पितृसत्ता अङ्ग्रेजी शब्द 'पाट्रियार्की' को नेपाली रुपान्तरण हो । ल्याटिन शब्द 'पाटर' बाट यसको निर्माण भएको हो । नेपालीको पितृसत्ता तत्सम शब्द हो । पितृ र सत्ता जोडिएर बनेको पितृसत्ता नाम शब्द हो ।

पितृको अर्थ पिता हो भने सत्ताको अर्थ शासन हो । यसरी शब्दव्युत्पत्तिगत आधारमा यसको सोझो अर्थ पिताको शासन भन्ने हुन्छ । यसको वास्तविक अर्थ भने पुरुषको शासन हो (लर्नर, १९८६, २३९) । पुरुषप्रधानता र सत्तामा पुरुषको हालिमुहालीको स्थिति पितृसत्ता हो ।

समकालीन नेपाली कथामा पुरुषसत्ताको प्रभुत्वको निन्दा गर्दै नारीशोषणका यावत् प्रपञ्चको अन्त्यको माग गरिएको छ साथै यी कथाहरूमा पितृसत्ता प्रकृतिप्रदत्त सत्य नभएर मानवनिर्मित यथार्थ भएको धारणा प्रस्तुत गरिएको छ । जलेश्वरी श्रेष्ठको **मौन विद्रोह** (२०६१) कथासङ्ग्रहभित्रको सम्झौता शीर्षकको कथामा नारीलाई आफूले चाहेअनुरुप परिभाषित गर्ने र खेलौनाका रुपमा प्रयोग गर्ने

पितृसत्तात्मक सोचप्रतिको विद्रोह प्रस्तुत गरिएको छ । उनकै भ्रुणहत्या कथामा पुरुषप्रधान समाजको सोचले नारीलाई सन्तान जन्माउने मेसिन बनाएको सन्दर्भको विरोध गरिएको छ । यस्तै सन्तान र आमा शीर्षकका कथामा सन्तानमा आमाको हक अर्थात बाबुको परिचयविना आमाको परिचय मात्रले पनि परिचित हुन पाउनुपर्ने र नागरिकता पाउनुपर्ने माग गरिएको छ । यसरी समकालीन कथामा पितृसत्ताले सन्तानप्रति एकोहोरो हक जमाउने परिपाटीको अन्त्य गर्दै नारीहरू पुरुषका खेलौना मात्र नभएर फरक अस्तित्व बोकेका प्राणी भएको दाबीमार्फत पितृसत्तात्मक शोषणप्रति विद्रोह प्रस्तुत गरिएको छ ।

पितृसत्ताले नारीहरूलाई जान्ने भयो भने पोथी बासेको उपमा दिएर दमनमा पार्ने गरेको तथ्यलाई गोविन्द बरालको **म पागल होइन डाक्टर** (२०६७) कथासङ्ग्रहको शीर्षकथामा प्रस्तुत गरिएको छ । यस कथामा सहरमा पढेकी नारी रश्मीले एक्काइसौँ शताब्दीका नारीमा भएको चेतनालाई प्रस्तुत गरेकी छ । उसले प्रेम, प्रजनन, गर्भनिरोधका साधन तथा उपाय आदिमा नलजाइ स्पष्टसँग अन्य नारी तथा पुरुषसँग कुरा गर्दा उसलाई ग्रामीण मानिसहरूले नराम्रो मात्र होइन पागलै भएको पगरी गुथाई मानसिक उपचार गराउने पाटन हस्पिटलमा पु-याएको सन्दर्भलाई यस कथामा उल्लेख गरिएको छ (पृ. १९) । यसरी नारीहरू शिक्षित भए पनि पितृसत्ताले प्रतिबन्धित गरेका कतिपय विषयमा कसैसँग खुलेर बोल्न नहुने पितृसत्तात्मक परिपाटीको विरोध गरी आफूलाई पागल नभएको भन्दै विद्रोह गर्ने नारीपात्रको उपस्थिति गरिएको हुनाले समकालीन कथामा पितृसत्तात्मक शोषणको विरोधप्रतिको चेतना प्रस्तुत भएको पाइन्छ ।

पितृसत्ताले आफू अनुकूल निर्माण गरेको संस्कार, धर्म तथा विभेदका विभिन्न हतियारले नारीलाई रेटेको सन्दर्भको विरोध गर्दै नारीहरू स्वतन्त्ररुपमा बाँच्न पाउनुपर्ने चेतनालाई सरला रेग्मी अनुको **लालविधवा** (२०६९) कथासङ्ग्रहका कथामा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहभित्रको बिहानी शीर्षकको कथामा बुहारीलाई सासू र श्रीमान्ले चरम शोषण गरी उत्पीडन खप्न नसक्दा त्यसको विरुद्धमा बुहारीमा जागृत चेतना प्रस्तुत गरिएको छ । यस्तै यस सङ्ग्रहभित्रका लालविधवा, परिवार र मोडे लजस्ता कथामा पनि नारीमाथि हुने हिंसा, पितृसत्ताले गर्ने शोषण, विभेद र दमनको अन्त्यप्रतिको नारीचेतनालाई प्रस्तुत गरिएको छ । बिन्दु सुवेदीको **मेरी दिदी र ऊ** (२०७१) शीर्षकको कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूमा पितृप्रधान समाजको बन्धनबाट मुक्ति दिई दमनमा परेका नारीलाई आत्मनिर्भर बनाउँदै माथि उठाउने प्रवृत्ति पाइन्छ । मेरी दिदी र ऊ शीर्षकको शीर्षकथामा नपुङ्सकसँग बिहे भएर पनि सन्तान जन्माउन नसकेको आरोपमा नारीले भोग्नुपरेको पीडालाई प्रस्तुत गरिएको छ । यस्तै एकाकीपन शीर्षकको कथामा छोरा जन्माउन नसक्ने भनेर नारीप्रति गरिएको दमन तथा उत्पीडन, छोरीलाई पढाए पोइल जान्छे भन्ने पितृसत्तात्मक सोच, अनमेल विवाहको प्रचलनप्रति जागृत वितृष्णा आदिमार्फत पितृसत्तात्मक विभेद र शोषणप्रतिको विरोधभावलाई प्रस्तुत गरिएको छ ।

समकालीन नेपाली कथामा पितृसत्ताले निर्माण गरेको परम्परागत सोच, पुरुषवादी हैकम व्यवस्था, राजनैतिक, धार्मिक, आर्थिक एवम् मानवीय मूल्यका आधारशिलामा पितृसत्ताले गाडेको जरोका कारण नारीले भोग्नुपरेको समस्याका विरोधसम्बन्धी नारी चेतनालाई प्रस्तुत गरिएको छ । तृष्णा कुँवर को चुनाउ कथामा पहाडिया नारीका तुलनामा तराईबासी नारी पितृसत्ताले निर्माण गरेको धर्म,

संस्कारसम्बन्धी सोचका कारण बढी बन्धनमा रहनुपरेको सन्दर्भको विरोध प्रस्तुत गरिएको छ (कुँवर, २०७३, १०१) । उमा सुवेदीको **सयौँ पुतली** (२०७५) कथासङ्ग्रहमा सङ्गृहीत शीर्षकथामा जीवनभर लोग्नेको माया नपाएर घृणा र तिरस्कार सहेकी कर्किनी आमैले लोग्ने मर्दा पनि निरास नबनी खुसियाली मनाएको सन्दर्भले पितृसत्ताको खिल्ली उडाएको छ । यसमा नारीहरू कोमल हृदयका र सहनशीलताका प्रतिमूर्ति हुनुपर्ने पितृसत्तात्मक सोचका विरुद्ध कर्किनी आमैले लोग्नेका कपडाले बाल्यकालदेखिको आफ्नो पुतली खेल्ने अपूरो रहरहरू पूरा गरेकी छन् । सुवेदीका यस कथासङ्ग्रहभित्रका उर्दी, बेलुन, हँसियाजस्ता कथामा समेत पितृसत्ताले नारीमाथि गर्ने दमनका विरुद्धमा उठेका सचेत आवाजहरू भेटिन्छन् ।

## नारी अस्तित्व र पहिचानको खोजीसम्बन्धी नारीवादी चेतना

नारीले आफ्नो पहिचान, आफू हुनुको अर्थ, अस्मिता र वास्तविकताको खोजी गर्नु नै नारी अस्तित्व र पहिचानको खोजी हो । नारीहरू अरुको तिरस्कार तथा घृणाले आफू कुण्ठित भएर दबिन हेपिन चाहँदैनन् र स्वत्वको खोजीमा सङ्घर्ष गरेका हुन्छन् । मानवजातिभित्र लिङ्गका आधारमा विभेद गरेर नारीको पहिचानलाई गुमनाम गराउने खेलमा लागेका पुरुषलगायत पितृसत्तात्मक सोच बोकेका नारीको समेत विरोध गरी सचेतरूपमा नारीको आफ्नै पहिचान तथा अस्तित्व हुने धारणा राख्नु नारी अस्तित्व र पहिचानको खोजीसम्बन्धी नारीचेतना हो । सिमोन द बुभायरले महिलाको आफ्नो छुट्टै इतिहास, प्राकृतिक सहअस्तित्व र सङ्गठित दबाब समूह नभएको र पुरुषको 'अर्को पक्ष' हुनुमा नै नारीको पहिचान भएको सन्दर्भको विरोध गर्दै महिला पनि अन्य मानव प्राणीसरह एक स्वतन्त्र एवम् स्वायत्त जीव भएको विचार प्रस्तुत गरेकी छन् (बुभायर, सन् १९४९,११) । यसर्थ पृथ्वीमा समानरूपमा जन्म लिएका पुरुष तथा नारीबीच फराकिलो भिन्नता नभएको र लैङ्गिक आधारमा मानवजातिलाई पृथक् पहिचानमा ढालेर एकले अर्कामाथि दमन गर्न नहुने विचार राख्दै नारी हुनुको गर्व तथा नारीको छुट्टै अस्तित्व र पहिचानको खोजी गरिएका विषय समेटेर कथाकारहरूले कथाहरू सिर्जना गरेको पाइन्छ ।

समकालीन नेपाली कथामा नारीहरूलाई दोस्रो दर्जाका नागरिकका रुपमा हेरिने पद्धतिको विरोध गरी नारीको स्वतन्त्र अस्तित्वको माग गरिएको पाइन्छ । कमल निओलको **नयाँ इतिहास** (२०६३) कथासङ्ग्रहको मुक्त नारी शीर्षकको कथामा नारीपात्र जैकलीले पितृसत्तात्मक सामन्ती संस्कृतिले महिलालाई दोस्रो दर्जाको नागरिकमा बस्न बाध्य पारेकोले यस्ता उल्झनबाट मुक्त हुन आन्दोलनमा सहभागी जनाएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यस्तै यसमा पितृसत्ताले निर्माण गरेको प्रचलनभिन्न सम्पत्तिमा पुरुषसरह महिलाको अधिकारको स्थापना, समान काममा समान ज्याला, सत्तामा महिलाअधिकार निश्चित गर्नुपर्ने नारीवादी विचारलाई जैकलीका माध्यमबाट व्यक्त गरिएको छ । पद्मावती सिंहको **मौन स्वीकृति** (२०६५) कथासङ्ग्रहमा सङ्गृहीत विचलित मन शीर्षकको कथामा नारीको अस्तित्वको खोजीप्रतिको चेतना प्रस्तुत गरिएको छ ।

यस कथामा म पात्र भन्छे : "स्त्री एक पत्नीमात्र होइन, उसमा पनि पुरुषमा जस्तै मानवीय इच्छा, आकाङ्क्षा, महत्वाकाङ्क्षा र अस्तित्वबोध हुन्छ । के यो मानवीय स्वभाव हैन र ? पत्नी भनेको यन्त्रमानव त हैन नि जे पतिले भन्छ, यन्त्रचालित भए झैँ खुरुखुरु गर्ने" (पृ. २५) । म पात्रको यस

किसिमको कथनले पतिले आफूलाई मान्छेका रुपमा नभएर केवल दासी पत्नी वा भोग्याका रुपमा हेरेको सन्दर्भमा जागृत विद्रोहलाई प्रस्तुत गरेको छ ।

समकालीन नेपाली कथामा पुरुषका कमी कमजोरीलाई ढाकछोप गर्न नारीको अस्मितालाई दाउ लगाउने प्रवृत्तिको विरोध गरिएको पाइन्छ । माया ठकुरीको **आमा! जानुहोस्** (२०६६) शीर्षकको कथासङ्ग्रहभित्रका कथाले नारीमनोविज्ञान र नारीसंवेदनाको सूक्ष्म अध्ययन गर्नुका साथै मानवीय दुष्प्रवृत्तिहरूको कलात्मक उद्घाटन समेत गरेका छन् । नारीअस्मिता र वैयक्तिक स्वतन्त्रताको रक्षाका निम्ति नारीले गर्ने, गर्न सक्ने र गर्नुपर्ने कामका लागि सन्देश पनि यी कथाहरूले दिएका छन् (ज्ञवली, भूमिका, पृ. १२) । यस कथासङ्ग्रहमा सङ्गृहीत युद्ध शीर्षकको कथामा आफ्नो नपुङ्सकता लुकाउन परपुरुषसँग संसर्ग गर्न दबाब दिने पतिको चरित्रको विरोध गरी स्वतन्त्र अस्तित्वको खोजी गर्ने नारीपात्रको उपस्थिति पाइन्छ ।

मणि लोहनीको निर्वस्त्र इरा शीर्षकको कथामा नारी चरित्रलाई केन्द्रीय भूमिका प्रदान गरी नारी अस्तित्वको खोजी गरिएको छ । नारीहरूले अर्काको पुरुषको हात समाउनु आफूलाई कमजोर पार्नु हो भन्दै छोरीलाई एक्लै हिँड्न सिकाउन यस कथाकी प्रमुख पात्र इराले गरेको प्रतिबद्धताले सो कुराको पुष्टि गरेको छ (लोहनी, २०७३, ५४) । लक्ष्मणप्रसाद गौतमको **ऊहापोह** (२०७४) कथासङ्ग्रहभित्र सङगृहीत डायरी पढेपछि शीर्षकको कथामा लोग्नेमान्छेहरूले नारीका भावना, संवेदना, अनुभूति, भोगाइ नबुझ्ने र खेलौना तथा मासुको पिण्डका रुपमा मात्र देख्ने सन्दर्भलाई नारीपात्रले प्रस्तुत गरेकी छ । यसरी पुरुष नियन्त्रणको विरोध गरी नारीको शरीरसँग खेल्ने पुरुषप्रति घृणा तथा नारीलाई उपभोग्य वस्तुका रुपमा नभएर फरक पहिचान भएका मानवका रुपमा लिनुपर्ने भाव प्रस्तुत गरिएको हुनाले यसमा नारीको स्वतन्त्र अस्तित्वप्रतिको चेतना मुखरित भएको छ ।

## यौनशोषण र महिलाहिंसाको विरोधसम्बन्धी नारीवादी चेतना

नारीको इच्छा विपरीत गरिने यौनसम्बन्ध, घरेलु हिंसा, बलात्कार, छाडा बोली, हातपात, अनैतिक क्रियाकलाप आदिको विरोधमा नारीमा जागृत चेतना यौनशोषण र महिलाहिंसाको विरोधसम्बन्धी नारीचेतना हो । नारीवादले सोपानविहीन सामाजिक संरचना, नारी हिंसा तथा यौन शोषणप्रति नारीले आवाज उठाउन पाउनुपर्ने, नारीकेन्द्रित स्वास्थ्य सुविधा, बलात्कारबाट बाँचेका नारीको लागि वैधानिक सेवा र सुझावको व्यवस्था, पुरुषबाट भिन्न हुन पाउने अधिकार आदि पक्षमा आवाज उठाएको छ (लर्बर, २०७३, १७) । नारीलाई जबर्जस्ती भोग्य वस्तुका रूपमा उपभोग गर्ने परिपाटीको विरोधमा नारीहरू नै सक्रिय रूपमा लाग्नुपर्ने चेतना समकालीन नेपाली कथामा प्रस्तुत भएको पाइन्छ । आफ्नो सुरक्षाका लागि आफैँ सेचत हुनुपर्ने शर्तका साथमा नारीमाथि गरिने दुर्व्यवहारको भर्त्सना गर्दै कानुनी रूपमा यस किसिमका अपराधमा संलग्न पुरुषहरूलाई सजायँ दिलाउनु पर्ने माग गरेर विश्वमा नै अनेक किसिमका नारी आन्दोलनहरू हुने गरेका छन् । त्यसको प्रभाव नेपाली समाजमा मात्र नभएर समकालीन नेपाली कथाहरूमा पनि परेको पाइन्छ ।

समकालीन नेपाली कथामा नारीलाई भोग्याका रुपमा उपभोग गर्ने परिपाटीको अन्त्यको माग गरिएको छ । जलेश्वरी श्रेष्ठको **मौन विद्रोह** (२०६१) भित्रको आगोका लप्काहरू शीर्षकको कथामा अधिवक्ता नारीलाई समेत बलात्कार गरेर प्रमाण लुकाउन अनेक षड्यन्त्र रच्ने प्रवृत्तिको विरोध गरिएको छ (पृ. ९८) । शिक्षित नारीलाई समेत बदलाका रुपमा यौनशोषण र अत्याचार गर्ने पिपासु पुरुषप्रवृत्तिको विरोध गरिएको हुनाले यस कथामा यौनशोषण तथा महिलाहिंसाको विरोधसम्बन्धी चेतना स्पष्ट देखिन्छ । यस्तै गङ्गा सुवेदीको **नियालेर आकाश** (२०७५) कथासङ्ग्रहभित्रका कथामा पनि नारीलाई यौनशोषण गर्ने पुरुषप्रति आक्रोश प्रस्तुत गरिएको छ । यस कथामा आफ्नी छोरी कुनै वस्तु नभएकाले  वस्तुसरह मूल्य नगर्ने चेतावनी तथा अन्यायलाई सहेर बस्न नसक्ने, सङ्घर्ष गरेरै भए पनि अस्तित्वपूर्ण जीवन बाँच्ने कान्छीमायाको निर्णयले नारीचेतनालाई देखाएको छ ।

बखतबहादुर थापाको कथासङ्ग्रह **आघात** (२०६२) भित्रको कथा जिद्दीमा नारीलाई भोग्याका रूपमा मात्र हेर्ने र उपभोग गर्न खोज्ने पुरुषप्रवृत्तिको विरोध गरिएको छ । यस कथामा पितृसत्तात्मक कुसंस्कार बोकेका यौनपिपासु पुरुषहरूका नारीलाई उपभोग गर्ने सोच, व्यवहार र क्रियाकलापको विरोध प्रस्तुत गरिएको छ । बूढो लाहुरेले रेस्टुरेन्टमा मोजमस्तीका लागि भेटेको तरुनी आफ्नी बुहारी भएको थाहा पाएपछि छोराबाट सम्बन्ध छुटाएर घर लगेको सन्दर्भमार्फत पुरुषहरूले नारीलाई भोग्याका रुपमा उचित देखे पनि दीर्घकालीन नातासम्बन्धमा तिरस्कार गर्ने परिपाटीलाई देखाइएको छ (पृ. ८२) । यसरी नारीलाई उपेक्षित वस्तुका रुपमा घृणा गर्ने यौनपिपासु पुरुषको प्रवृत्तिप्रति आक्रोश व्यक्त गर्दै दुःखी नारीले त्यही पेसालाई अवलम्बन गर्न बाध्य भएको सन्दर्भमार्फत यस कथामा यौनशोषणप्रतिको विद्रोहलाई प्रस्तुत गरिएको छ ।

मनु ब्राजाकीको **अन्नपूर्णाको भोज** (२०७०) कथासङ्ग्रहमा सङ्गृहीत एउटी अबलाको अभियान शीर्षकको कथामा नारीलाई वेश्या बनाउने र यौनप्यास मेटाउने परिपाटीप्रतिको विद्रोह प्रस्तुत गरिएको छ । यस कथामा एउटी गरीब परिवारकी छोरीलाई वेश्यालयमा पुऱ्याइएपछि उसले भोग्नुपरेको तीतो यथार्थलाई प्रस्तुत गरी त्यसबाट उसमा निस्रित विद्रोही र बदलापूर्ण चेतको चित्रण गरिएको छ । आफूलाई आफ्नै पिता तथा सौतेनी आमाले हेला गरेपछि फुपूसँग गएकी तेह्र वर्षकी नारीले बम्बै मा बेचिएर एड्स रोग लागेपछि नेपाल फर्की यो अवस्थामा पुऱ्याउने सबैलाई लुट्ने अभियान चालेको सन्दर्भलाई यस कथामा प्रस्तुत गरिएको छ (पृ. २६) । यसरी प्रस्तुत कथामा विभिन्न ठाउँमा सर्दै बदला लिने हेतुले उसले वेश्या पेसालाई अवलम्बन गर्नुले यौनशोषणप्रतिको विरोधलाई प्रस्ट पारेको छ ।

इन्दिरा प्रसाईको **मेरो कथा नलेखिदिनू** (२०७४) कथासङ्ग्रहमा नारीलाई नातागत सम्बन्ध बिर्सेर पुरुषले गर्ने यौनशोषणको विरोधप्रतिको चेतना प्रस्तुत गरिएको छ । यसमा सङ्गृहीत श्री शीर्षकको कथामा विधवा बुहारी कान्छीलाई आफ्नै ससुराले यौनशोषण गरेको सन्दर्भको विरोध गरिएको छ (पृ. ७९) । श्रीकै बाबुले अफिसको कामका नाममा तरुनी युवतीसँग गरेको रासलीलाको विरोध गरी आमाले सम्बन्धविच्छेद गरेकी छ । समाजका अगाडि छोरीको नाम दिएर भित्रभित्रै यौनप्यास मेटाउने

बाबु, बलात्कार गरी गर्भिणी तुल्याएर भाग्ने यौनपिपासु, नारीलाई यौनतिर्खा मेटाउने साधनबाहेक अरू केही नदेख्ने पुरुषका विरुद्धमा नारीमा जागृत चेतनासमेत समकालीन कथामा अभिव्यक्त भएका छन् ।

**नारीको वैयक्तिक अधिकार र स्वतन्त्र निर्णयसम्बन्धी नारीवादी चेतना**

नारीका व्यक्तिगत जीवन र निजी विषयसँग सम्बद्ध पक्ष नै वैयक्तिक पक्ष हुन् । नारीहरूले आफ्नो निजी मामिलामा आफैँले निर्णय गर्न पाउने अधिकार उनीहरूको वैयक्तिक अधिकार हो । सिमोन द बुभायरले स्त्रीलाई परजीवी नभएर आफ्नै खुट्टामा उभिन बाध्य गरियोस्, विवाह दुई व्यक्तिहरू बीचको एक स्वतन्त्र अनुबन्ध होस्, जसलाई स्वेच्छाले तोड्न सकियोस्, समाजले स्त्रीलाई ऐच्छिक मातृत्वको हक दिई गर्भनिरोध तथा गर्भपतनलाई समेत बैधता दियोस् भन्ने विचार प्रस्तुत गरेकी छन् (बुभायर, सन् १९४९, ३८८) । यसरी नारीहरूले प्रेमसम्बन्ध, विवाह, प्रजनन, गर्भपतन, सम्बन्धविच्छेदजस्ता विषयमा आफैँले निर्णय गर्न पाउने अधिकार हुनुपर्छ भन्ने माग सचेत रूपमै बुलन्द हुन थालेको छ । यी विषय क्षेत्रमा नारीले नितान्त व्यक्तिगत रूपमा निर्णय गर्न पाउनुपर्छ भन्ने आवाजलाई समकालीन नेपाली कथाहरूमा पनि उठाइएको पाइन्छ ।

समकालीन नेपाली कथामा गर्भधारण, वैवाहिक सम्बन्ध, सम्बन्ध विच्छेदजस्ता पक्षमा नारीहरूले स्वतन्त्र निर्णय गर्न पाउने सन्दर्भलाई प्रस्तुत गरिएको छ । जलेश्वरी श्रेष्ठको **मौन विद्रोह** (२०६१) कथासङ्ग्रहभित्रका कथाका नारीहरूले प्रजनन, सन्तान निर्धारण, यौनसम्बन्ध, सम्बन्ध विच्छेद आदिमा स्वतन्त्रता पाएका छन् । यसभित्रको बदला शीर्षकको कथामा विवाहपछि लोग्नेले शारीरिक सम्बन्ध नराखेकाले सन्तानको रहरलाई मेटाउन पतिकै साथीबाट वीर्यदान लिएर गर्भवती बनेकी अरुणाको स्वतन्त्र निर्णयलाई प्रस्तुत गरिएको छ । यस्तै सम्झौता शीर्षकको कथामा परस्त्रीसँग सम्बन्ध राख्ने लोग्नेले अनेक लाञ्छना लगाएर निर्दोष श्रीमतीलाई त्यागेपछि श्रीमतीले विधुर अमरबहादुरसँग बिहे गरेकी हुनाले सम्बन्धविच्छेद तथा वैवाहिक सम्बन्ध स्थापनामा नारीको वैयक्तिक निर्णयप्रतिको चेतना प्रस्तुत भएको छ ।

होमशङ्कर बास्तोलाको **बन्दुकको छाया** (२०६७) कथासङ्ग्रहका कथामा नारीहरूले विवाह तथा यौनका सम्बन्धमा वैयक्तिक निर्णय लिन पाउनुपर्ने सन्दर्भलाई प्रस्तुत गरेका छन् । यसभित्रको खुसीको खोजीमा शीर्षकको कथामा निशाले प्रेमी चन्द्रसँग भागेर विवाह गर्ने निर्णय लिएकी छ । उसले नारीहरूले जसलाई प्रेम गर्छन् ऊसँग विवाह गर्नमा स्वतन्त्र छन् भन्ने विचार राखेर सोही मार्ग रोजेकी छ । यस्तै तगारो शीर्षकको कथामा विवाहपछि पनि यौनसुख नपाएकी रेनुले विमान दुर्घटनामा परेर लोग्ने मर्दा मानवताका हिसाबले मात्र दुःखी भएको र बैंसको स्वतन्त्र हुने तगारो अब फुकेको विचार प्रस्तुत गरेकी छ । यसर्थ यी कथामा प्रस्तुत यस्ता विचारले विवाह तथा यौनमा भएको स्वतन्त्र निर्णय र अधिकारलाई प्रस्ट पारेको छ । यस्तै जयबहादुर घिमिरेको **कालिजको सिकार** (२०६९) कथासङ्ग्रहमा सङ्गृहीत नारीवादी साहित्य शीर्षकको कथामा पनि आफ्नो ज्यानमा आफ्नै अधिकार भएको खबरदारी म पात्रकी श्रीमतीले गर्नुले वैयक्तिक सन्दर्भमा भएको नारी चेतनालाई द्योतन गरेको छ ।

पद्मावती सिंहको **मौन स्वीकृति** (२०६५) कथासङ्ग्रहको शीर्षकथामा अपाङ्ग तर यौवनावस्थाकी नारीले आफू अविवाहित भएर पनि मातृत्ववात्सल्य भावले प्रेरित भएपछि गर्भधान गर्न स्वतन्त्र रुपमा लिएको निर्णयलाई प्रस्तुत गरिएको छ । यस कथामा उसले घरमा काम गर्ने नोकर्नी जमुनीको छोरा रामेलाई वाहुपासमा जबर्जस्ती कसेर भोग गरेपछि आफ्नो लक्ष्य पूरा भएको ठानेकी छ । यसरी अविवाहित भएर पनि आमा बन्न सक्ने नारीको चाहना तथा स्वतन्त्र निर्णय लिएर उद्देश्य पूरा गरेको सन्दर्भले यसमा प्रस्तुत नारीको वैयक्तिक अधिकारप्रतिको स्वतन्त्र निर्णयसम्बन्धी चेतनालाई प्रस्ट पारेको छ ।

निर्मल ढुङ्गानाको **बतासा** (२०७४) कथासङ्ग्रहभित्रका नजरको दोषी तथा मिस इयर होस्टेजजस्ता कथामा नारी आफैँले कोसँग प्रेम गर्ने र विवाह गर्ने भन्ने सम्बन्धमा आफैँ निर्णय लिन पाउनुपर्ने विषयको उठान गरिएको छ । विवाह अघि नै गर्भधारण गरेका नारीले गर्भपतन गराएर स्वतन्त्र जीवनको मार्ग खोजेको सन्दर्भ पनि यी कथामा पाउन सकिन्छ । यसले यौन, गर्भपतन, विवाह आदिमा नारीहरू स्वतन्त्र हुँदै गएको सन्दर्भलाई देखाएको छ । बालविधवाले परपुरुषसँग संसर्ग नगरी र वैवाहिक जीवनमा नबाँधिई पनि आमा बन्न पाउनुपर्ने विचारसमेत प्रस्तुत गरिएको छ । मननपरेको र सिङ्गो जीवन सँगै बिताउन नसकिने मान्छेसँग इज्जत, पारिवारिक दबाब एवम् सामाजिक दबाबमा नपरी नारीले चाहेका खण्डमा पनि स्वतन्त्ररूपमा त्याग्न पाउनुपर्ने विचारसमेत यी कथामा प्रस्तुत गरिएको छ ।

**समान सहभागिता सम्बन्धी नारीवादी चेतना**

राजनीति, शिक्षा, सामाजिक क्षेत्र, रोजगारी आदिमा पुरुषसरह समान उपस्थिति तथा सहभागिताको मागसम्बन्धी नारीमा जागृत चेतना नै समान सहभागिता सम्बन्धी नारीचेतना हो । पेसागत क्षेत्रमा तथा शैक्षिक क्षेत्र, राजनीतिक सहभागिता तथा पदीय जिम्मेवारी, समाज विकासको अभियान आदिमा नारी भएकै कारणले पुरुषसमान सहभागिताबाट वञ्चित हुने परम्पराको विरोध र अवसर पाएको खण्डमा यस्ता क्षेत्रमा पुरुषसमान नारीहरूले पनि भूमिका निर्वाह गर्न सक्ने सन्दर्भलाई समकालीन नेपाली कथामा प्रस्तुत गरिएको छ ।

नवराज पौडेलको **बस्तीका चित्कारहरू** (२०६९) कथासङ्ग्रहको कालो पर्दा शीर्षकको कथामा नारीहरू अवसर पाए पढाइमा मात्र नभएर राजनीतिमा पनि सक्रिय रुपमा लागिपर्न सक्ने सन्दर्भलाई प्रस्तुत गरिएको छ । यसमा नारीहरूलाई अगाडि बढ्न नदिन कतिपय पुरुषहरूले अस्मिता नै लुटेर बदनाम बनाउने र क्रान्तिबाट अस्ताउन प्रेरित गर्ने आततायी कुव्यवस्थाको विरोध गरिएको छ । उनकै शताब्दीकी युवराज्ञी शीर्षकको कथामा समेत ठूलाबडा र धनीकी पत्नी भएर पितृसत्ताले निर्माण गरेको संस्कारको जन्जिरमा पिल्सिएर महिलाको अस्तित्व समाप्त पार्नुभन्दा एक्लै जीवन बिताई नारीअस्तित्वको क्रान्तिमा सर्वसाधारण नारीसँग सहभागी हुने विचार प्रस्तुत गरिएको छ ।

सौगात आचार्यको **सङ्कल्प यात्रा** (२०६६) कथासङ्ग्रहका कथामा नारीहरू पुरुषसमान युद्धमा लड्न सकेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यसभित्रका आमा शीर्षकको कथाकी पात्र आमा आफ्नो सन्तान

युद्धमा होमिएर सहिद हुँदा समेत विचलित नभएर हाँसेर विदा गर्दै क्रान्तिलाई सघाउने महिला हो । यस्तै इच्छाशक्ति शीर्षकको कथाभित्रकी पात्र प्रमिला जनमुक्ति सेना नेपालकी सेक्सन कमान्डर नै हो । उसले आफू बिरामी हुँदाहुँदै पनि सबै पीडालाई बिर्सेर लड्ने इच्छाशक्ति बोकेकी छ । युद्धका घाइतेलाई उपचार गरिरहँदा अकस्मात् दुस्मन आएपछि ऊसँग विना हतियारै लडेर आफ्नो कब्जामा लिन सफल भएकी साहसिली नारी योद्धा प्रमिलाले तन, मन र ध्यान युद्धमा लगाएकी छ । यस्तै लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित **समकालीन नेपाली द्वन्द्वकथा** (२०६३) कथासङ्ग्रहमा सङ्गृहीत अविनाश श्रेष्ठको दिदी कमरेड शीर्षकको कथामा  पुरुषद्वारा परित्यक्त र ससुराद्वारा बलात्कृत कोपिला अदालतले आफूलाई बलात्कार गर्ने ससुरालाई निर्दोष भएको सफाइ दिएपछि विद्रोही भएर क्रान्तिमा होमिएकी छ । लैङ्गिक उत्पीडनबाट विरक्तिएकी कोपिलाले न्याय प्राप्तिका लागि मात्र नभएर समग्र उत्पीडित महिला वर्गको मुक्तिका लागि विद्रोही समूहमा सामेल भएको देखाइनुले नारीको हिम्मत, साहस तथा पुरुषसमान सहभागिताप्रतिको नारीचेतना प्रस्ट हुन्छ । यसर्थ नारीहरू पनि पुरुषसरह शारीरिक एवम् मानसिकरुपमा सबल र सक्षम भएको चित्रण गर्दै यस कथाले समानसहभागितासम्बन्धी नारीचेतनालाई प्रस्तुत गरेको छ ।

समकालीन नेपाली कथामा राजनीतिक क्षेत्रमा महिलाको समान सहभागितालाई प्रस्तुत गरिएको छ । हीरामणि दुःखीका **युद्धका कथाहरू** (२०६८) शीर्षकका कथासङ्ग्रहमा सङ्गृहीत केही कथामा पनि सोही विचार पाइन्छ । अस्तु शीर्षकको कथामा सावित्रीले सेनाबाट वेपत्ता पारिएको आफ्नो लोग्नेको अस्तु भेटेपटि यस किसिमको ऐतिहासिक घोषणा गरेकी छ : “म मेरा लोग्नेको बदला लिन आजैदेखि पार्टीमा होलट्यामर हुन्छु ।” (पृ. ६४) । यस सन्दर्भले नारीमा निरीह भएर श्रीमान्‌को मृत्युमा छटपटिएर रुँदै जीवन बिताउने प्रवृत्ति नभएर बदलाका भावनाका साथ राजनीतिमा होमिने विचारलाई प्रस्ट पारेको छ ।

## वर्गीय विभेदको विरोधसम्बन्धी नारीवादी चेतना

वर्गका आधारमा मानिसमानिसबीच गरिने विभेद वर्गीय विभेद हो । वर्गीय आधारमा गरिने विभेदले नारीलाई मात्र नभएर पुरुषहरूलाई पनि दमन गर्ने गरेको छ । यस किसिमको दमनको पीडा पुरुषहरूमा भन्दा दुईगुणा बढी नारीहरूमाथि पर्ने गरेको छ । यसको अर्थ नारीहरू एकातिर आर्थिक हिसाबले पुरुषले जस्तै दमनमा परेका हुन्छन् भने अर्कातिर तिनै दमित पुरुष तथा अन्य पुरुष अझ भनौ पितृसत्ताले निर्माण गरेको लैङ्गिक विभेदको पर्खालका कारण दोहोरो दमनमा परेका हुन्छन् । मिचेल ब्यारेटले पितृसत्ताले दमनको ऐतिहासिक र सार्वभौम सिद्धान्तको प्रतिनिधित्व गर्ने कुरा बताउँदै पुँजीवादी अर्थतन्त्रमा महिला-दमन नगर्दा पनि काम चल्न सक्छ तर आजको पुँजीवादले उत्पादन एवम् पुनरुत्पादनका सिलसिलामा भौतिक आधारमा नै महिला दमनलाई कार्यान्वित गरेको छ भन्ने कुरा औंल्याएको पाइन्छ (हबिब, सन् २००५, ६९३-६९७) ।यसर्थ वर्गीयरूपमा दमनमा परेपछि लैङ्गिक विभेदले सिर्जना गरेको दमनले समेत थिचिएपछि नारीहरू अतिरिक्त दमनका मारमा परेका हुन् भन्ने नारीचेतना विकास भएको पाइन्छ । यही विचारलाई समकालीन नेपाली कथामा स्थान दिइएको छ । यी कथामा गरीब नारीहरूले गरिबीका कारणले तथा नारी भएका कारणले भोग्नुपरेका पीडा र त्यसप्रति नारीमा जागृत चेतनालाई प्रस्तुत गरिएको छ ।

ऋषिराज बरालको अब लडाइँ सुरु भयो (२०६७) कथाकी प्रमुख पात्र नारीमा जागृत चेतनाले नारीहरूमाथि वर्गीय शोषण मात्र नभएर राजनीतिक खिचातानीले भएको शोषणको विरोध गरेको छ। प्रहरीद्वारा नै बलात्कृत भएका दुई किशोरीलाई रगताम्मै अवस्थामा आफ्नै हिरासतमा हुलेपछि यस कथाकी पात्र आमाले भनेकी छन् : "रुने होइन नानी हो, लडिरहेका छन् उनीहरू भोकै र प्यासै। एउटा मरे उनीहरूले दसवटा मारेर बदला लिनेछन्। उनीहरू जनताका छोरा हुन्। भफ्किनेछन् यी पर्खालहरू, यहाँ राता झन्डा फहराउने छन् नानी हो" (पृ. १८)। उनको यस कथनमा जनयुद्धमा खटिएका नेपालीहरूले नारीहरूमाथि मात्र नभएर अनेक क्षेत्रमा भएका अत्याचारलाई भत्काउन सक्ने आशावादी स्वर प्रस्तुत गरिएको छ। यसरी राजनीतिमा सक्रिय रुपमा होमिएर वर्गीय तथा लैङ्गिक विभेदको खाडल एवम् यौनशोषणरुपी अत्याचारको विरोधप्रतिको चेतना प्रस्तुत गरिएको हुनाले समकालीन कथामा यसप्रतिको चेतना मुखरित भएको पाइन्छ।

मार्क्सवादले अघि सारेको वर्गीय सङ्घर्षको अन्त्यपछि लैङ्गिक विभेदलगायत अनेक विभेदको समाधान हुने निष्कर्षलाई बोकेर हिँड्ने नारीका रुपमा सरल सहयात्रीको कोर्टमार्सल (२०६७) कथाकी पात्र नानीमैयाँलाई पनि लिन सकिन्छ। उसले आफू बलात्कृत भएपछि समाजसँग घृणा र तिरस्कारको पात्र बनेर नबसी मुक्तिका लागि मार्क्सवादी राजनीतिमा होमिने विचार लिएर अगि बढेकी छ। यस्तै हीरामणी दुःखीको **युद्धका कथाहरू** शीर्षकको कथासङ्ग्रहमा सङ्गृहीत नटुङ्गिँदा घटनाहरू शीर्षकको कथामा पनि नारीपात्र शकुन्तलाको सोही विचार पाइन्छ। ऊ भन्छे : "हामी दुईचारवटी महिलाको मात्र नभएर सिङ्गो सर्वहारा वर्गका महिलाहरूको मुक्तिको एक मात्र विकल्प नै वर्गीय युद्ध हो भन्ने विज्ञानलाई मानेर नै त हामी लागेका हौँ" (पृ. १३)। यस कथनमा नारीहरू राजनीतिमा लाग्नुको मुख्य उद्देश्य वर्गीय तथा लैङ्गिक विभेदको अन्त्य भएको सन्दर्भ प्रस्ट देखिन्छ।

समकालीन नेपाली कथामा वर्गीय आधारमा एकपटक दमनमा परिसकेका नारीहरू फेरि लिङ्गीय आधारमा विभेदमा पर्ने परिपाटीको विरोध गरिएको छ। यस किसिमको विभेदको अन्त्यका लागि वर्गीय विभेद अन्त्य हुनुपर्छ भन्ने विचार प्रस्तुत गरिएको छ। मार्क्सवादी नारीवादीले नारीहरू वर्गीय आधारको विभेदको अन्त्यले मात्र लैङ्गिक विभेदको अन्त्य सम्भव हुने विचार प्रकट गर्दछन्। यस किसिमको नारीहरूमा परेको दोहोरो दमनको विरोधसम्बन्धी नारीचेतनालाई हरिमाया भेटवाल, सुलोचना मानन्धर, सरला रेग्मी, महेश विक्रम शाह, हीरामणि दुःखी, नवराज पौडेल, मनु ब्राजाकी आदिका कथाहरूमा समेत प्रस्तुत गरिएको पाइन्छ।

## समलिङ्गी वा तेस्रो लिङ्गी नारीप्रति गरिने विभेदसम्बन्धी नारीवादी चेतना

विपरीत लिङ्गीहरूमा हुने आकर्षणभिन्न स्वभाव र प्रवृत्ति भएका समान लिङ्गधारी नारी तथा पुरुषलाई समलिङ्गीका रूपमा लिने गरिन्छ। नारी र नारीबीचको आपसी प्रेम र विवाहको चाहना नारीसमलिङ्गीका विशेषता हुन्। नारीसमलिङ्गीहरूले नारीलाई नै आफ्नो प्रेमी र प्रेमिकाका रूपमा स्विकार्नुका साथै नारीनारीबीच आर्कषण हुने प्रवृत्ति बोकेका हुन्छन्। विपरीत लिङ्गी सम्बन्धले महिलामाथि शोषण गर्नुको मूल कारण पुरुषको सामाजिक, शारीरिक, यौनशक्ति बढी हुनुले हो भन्ने

समलैङ्गिक नारीवादीहरुको धारणा छ । यस किसिमको नारीवादले नारीहरू धेरै माया गर्ने, ख्याल गर्ने, मनका कुराहरू साटासाट गर्ने र बुझ्ने प्रवृत्तिका हुन्छन् भन्ने मान्यता राखी पुरुषलाई शत्रु ठान्छ र शत्रुसँग सुत्न बन्द गर अनि अरु नारीसँग यौनिक माया एवम् बौद्धिक सहयात्री तथा संवेगात्मक समर्थन गर' भन्ने धारणा राख्दछ (लर्बर, २०७३, १७) ।अल्पसङ्ख्यक नारीसमलिङ्गीका पीडालाई सम्बोधन गरेर लेखिएका समकालीन नेपाली कथाहरूमा समलिङ्गी नारीका समस्या र त्यसप्रति समाजले राख्ने धारणालाई प्रस्तुत गरिएको छ ।

बिन्दु सुवेदीको **मेरी दिदी र ऊ** (२०७१) कथासङ्ग्रहको शीर्षकथामा तेस्रो लिङ्गी नारीप्रति समाजले गर्ने विभेदप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ । यस्तै बाबा न्यौपानेको रतेली (२०७२) शीर्षकको कथामा पनि नारीसमलिङ्गी मन्दाकिनीले मालासँग राखेको समलैङ्गिक सम्बन्धमार्फत समलिङ्गी नारीहरूको स्वतन्त्र निर्णय र कदमप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ (पृ. २१२) । यसरी समकालीन नेपाली कथामा सबै नारीमा समान पीडा नभएर फरकफरक पीडा र अनुभूतिको संरचनाका अधिकार प्रतिको चेतनालाई समेत प्रस्तुत गरिएको छ ।

समलिङ्गी आकर्षणलाई समस्याका रूपमा लिनेभन्दा पनि हरेक नारीको स्वतन्त्रता र समानताको अधिकारको ख्याल गर्दै सम्बन्धित निकायले यस्ता नारीको समस्याप्रति सकारात्मक धारणा बनाउन जरुरी भएको सन्देश समकालीन नेपाली कथाले दिएका छन् । अल्पसङख्यकका पीडालाई सम्बोधन गर्नुपर्ने र नारी भएर नारीप्रति आकर्षित हुने स्वभाव उनीहरूमा जन्मजात रूपमा विकसित हुँदैमा त्यस्ता नारीलाई घृणा नगरी उनीहरूको स्वतन्त्र अस्तित्व र पहिचानको वातावरण दिलाउनुपर्ने माग यी कथामा मुखरित भएका छन् । यसर्थ समकालीन नेपाली कथामा नारीसम लिङ्गीलाई गरिने नकारात्मक व्यवहारको विरोध गरी नारी समलिङ्गीका स्वतन्त्रता, समानता तथा समान अस्तित्वको माग सचेत रूपमै गरिएका हुनाले समलिङ्गी नारीप्रति गरिने विभेद सम्बन्धी चेतना प्रस्तुत भएको पाइन्छ ।

## निष्कर्ष

समकालीन नेपाली कथामा नारी समस्या मुख्य विषयवस्तु बनेका छन् । विशेष गरेर पुरुषका केही कथामा नारीवादी चेतना प्रबल भएको पाइए पनि तुलनात्मकरूपमा नारीलिखित अधिकांश कथामा नारीवादी चेतना प्रबल बनेको छ साथै नारीहरूका पीडालाई नारीहरूका कृतिमा सहज, स्वतस्फूर्त, स्वाभाविक र वास्तविक रूपमा प्रस्तुत गरिएको छ । समकालीन नेपाली कथामा लैङ्गिक विभेदको विरोध सम्बन्धी नारीचेतना अन्यका तुलनामा प्रशस्त देखिन्छन् । पितृसत्तात्मक संस्कारका नाममा नारीमाथि हुने अन्याय, यौनशोषण तथा महिलाहिंसा, कुमारी आमाका समस्या, शिक्षा, रोजगार, सम्पत्ति आदिमाथि गरिने लैङ्गिक विभेद, नारीको अस्तित्व र पहिचानमा पितृसत्ताले गरेको दमन, समान सहभागितामा नारीविभेद, जातीय एवम् वर्गीय मात्र नभएर लैङ्गिक आधारमा समेत नारीमाथि गरिने दोहोरो विभेद, समलिङ्गी नारीका पीडा र उनीहरूमाथि गरिने विभेदको विरोधप्रति जागृत चेतनालाई समकालीन कथामा स्थान दिइएको छ । नारीमाथि गरिने विभेद तथा शोषणजन्य यी विविध समस्यालाई केवल समस्याका रूपमा मात्र प्रस्तुत नगरी त्यसका समाधानका लागि सचेत रूपमा नारी

तथा पुरुषमा जागृत चेतनालाई प्रस्तुत गरिएको हुनाले समकालीन नेपाली कथामा नारीचेतना प्रबल बनेको हो । समकालीन नेपाली कथामा पितृसत्ताको विरोध गर्दै नारी अस्तित्व र पहिचानको खोजी गर्ने क्रममा नारीहरू पुरुषसँगको सम्बन्धमा उग्र विरोधी बनेरभन्दा पनि सहकार्य र समानताको मागमा बढी केन्द्रित भएकाले नारीचेतना उदार प्रवृत्तिको बन्न पुगेको छ । दिनप्रतिदिन सशक्त र उल्लेखनीय रूपमा कथाकारको कलम कथामा प्रबल बन्दै गएको वर्तमान परिप्रेक्ष्यमा यी कथामा प्रस्तुत नारीचेतनाले कलमद्वारा पितृसत्तात्मक सोच बदलेर लैङ्गिक समताको सिर्जना गरी समाज परिवर्तनको क्रान्तिमा महत्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री


आचार्य, सौगात (२०६६), सङ्कल्प यात्रा, काठमाडौँ : एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ ।

उप्रेती, लक्ष्मी (२०६१), प्रकाशकीय, मौन विद्रोह, जलेश्वरी श्रेष्ठ, विराटनगर : वनिता प्रकाशन. पृ. क-घ ।

कुँवर, तृष्णा (२०७३), चुनाउ, प्रज्ञा आधुनिक नेपाली कथा भाग ५, इस्माली र लक्ष्मणप्रसाद गौतम (सम्पा.) काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान. पृ. ९६-१०१ ।

काइँला, चिम्खोले (सन् २०१७), अर्ली भाइ, विश्व नेपाली साहित्य महासङ्घ ।

कार्की, पुण्य (२०६२), मध्यरातमा, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६८), नेपाली कथामा उत्तरआधुनिक चेतना, कथाविमर्श, सनत रेग्मी र भाउपन्थी (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०७४), ऊहापोह, काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा. लि. ।

घिमिरे, जयबहादुर (२०६९), कालिजको सिकार, सङ्खुवासभा : मणिकुमार गुरुङ ।

ज्ञवली, रामप्रसाद (२०६६), जो आफैँ एउटा उत्कृष्ट कथा हो (भूमिका), आमा ! जानुहोस्. माया ठकुरी, काठमाडौँ : रत्न पुस्तक भण्डार. पृ. ९-१९ ।

ठकुरी, माया (२०६६), आमा ! जानुहोस्, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

ढुङ्गाना, निर्मल (२०७४), बतासा, काठमाडौँ : बुक हिल पब्लिकेसन ।

थापा, बखतबहादुर (२०६२), आघात, काठमाडौँ : श्रीमती लक्ष्मी थापा ।

दुःखी, हीरामणि (२०६८), युद्धका कथाहरू, ललितपुर : साझा प्रकाशन ।

धराबासी, कृष्ण (२०७२), झोला, प्रज्ञा आधुनिक नेपाली कथा भाग ३, इस्माली र लक्ष्मणप्रसाद गौतम (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

निओल, कमल (२०६३), नयाँ इतिहास, काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक सङ्घ भेरी कर्णाली क्षेत्रीय समिति ।

निहारिका, नीलम कार्की (२०६८), बेली, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

निहारिका, नीलम कार्की (२०७५), ४३ कथा, काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा. लि. ।

नीरव, रोशन थापा (२०७०), असह्य, काठमाडौँ : उपलब्धि साहित्य विकास उपसमिति ।

न्यौपाने, बाबा (२०७२), रतेली, प्रज्ञा आधुनिक नेपाली कथा भाग ३. इस्माली र लक्ष्मणप्रसाद गौतम (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान. पृ. २०७-२१२ ।

पाठक, हिरण्यकुमारी (२०६८), दुःस्वप्न, काठमाडौँ : बी. एन. पुस्तक संसार प्रा. लि. ।
पाठक, हिरण्यकुमारी (२०७५), अग्निदह, काठमाडौँ : ऐरावती प्रकाशन प्रा. लि. ।
पाण्डे, ज्ञानु (२०६९), नेपाली उपन्यासमा लैङ्गिकता, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।
पाण्डे, ज्ञानु (२०७०), नेपाली महिला कथाका भाग २ (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।
पौडेल, नवराज (२०६९), बस्तीका चित्कारहरू, काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।
प्रसाई, इन्दिरा (२०७४), मेरो कथा नलेखिदिनू, काठमाडौँ : नइ प्रकाशन ।
बराल, ऋषिराज (२०६७), अब लडाइँ सुरु भयो , जनयुद्धका कथा, इच्छुक सांस्कृतिक प्रतिष्ठान (सम्पा.), काठमाडौँ : इच्छुक सांस्कृतिक प्रतिष्ठान. पृ. ७-१८ ।
बराल, गोविन्द (२०६७), म पागल होइन डाक्टर, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।
बास्तोला, होमशङ्कर (२०६७), बन्दुकको छाया, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।
बुभायर, सिमोन द (सन् १९४९), द सेकेन्ड सेक्स (महिला) (अनु.), रमेश सुनुवार, काठमाडौँ : प्रगति पुस्तक सदन ।
ब्राजाकी, मनु (२०७०), अन्नपूर्णाको भोज, काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा. लि. ।
रेग्मी (अनु), सरला (२०६९), लालविधवा, ललितपुर : साझा प्रकाशन ।
लर्नर, गर्डा (सन् १९८६), द क्रियसन अफ प्याट्रियार्की, न्युयोर्क : साइराकस युनिभर्सिटी प्रेस ।
लर्बर, जुडिथ (२०७३), द भेराइटी अफ फेमिनिजम् एन्ड दियर कन्टिव्युसन टु जे न्डर इक्यालिटी, https://www.google.com.np/search?tbo=p&tbm=bks&q= inauthor:"Judith+Lorber". 2016-10-20
लोहनी, मणि (२०७३), निर्वस्त्र इरा, प्रज्ञा आधुनिक नेपाली कथा भाग ५, इस्माली र लक्ष्मणप्रसाद गौतम (सम्पा.) काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान. पृ. ५१-५४ ।
विष्ट, गायत्री (२०७२), कामरेडको कथा, काठमाडौँ : मण्डप बुक्स ।
शर्मा, बेन्जु (२०७२), बेन्जु शर्माका कथाहरू, काठमाडौँ : भीमनिधि तिवारी साहित्य समिति ।
श्रेष्ठ, अविनाश (२०६३), दिदी कामरेड्, समकालीन नेपाली द्वन्द्वकथा, लक्ष्मणप्रसाद गौतम (सम्पा.), काठमाडौँ : पैरवी प्रकाशन. पृ. १२७-१३४ ।
श्रेष्ठ, जलेश्वरी (२०६१), मौन विद्रोह, विराटनगर : वनिता प्रकाशन ।
श्रेष्ठ, शान्ता (२०७१), आक्रोशका काँडाहरू , काठमाडौँ : शान्ता श्रेष्ठ साहित्य प्रतिष्ठान ।
सहयात्री, सरल (२०६७), कोर्टमार्सल, जनयुद्धका कथा, इच्छुक सांस्कृतिक प्रतिष्ठान (सम्पा.), काठमाडौँ : इच्छुक सांस्कृतिक प्रतिष्ठान. पृ. ९०-९६ ।
सिंह, पद्मावती (२०६५), मौन स्वीकृति, काठमाडौँ : रत्न पुस्तक भण्डार ।
सुवेदी, उमा (२०७५), सयौँ पुतली, काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा. लि. ।
सुवेदी, गङ्गा (२०७५), नियालेर आकाश, काठमाडौँ : डिकुरा पब्लिकेसन ।
सुवेदी, बिन्दु (२०७१), मेरी दिदी र ऊ, काठमाडौँ : रत्न पुस्तक भण्डार ।
हबिब, एम.ए.आर (सन् २००५), अ हिस्ट्री अफ लिटरेरी क्रिटिसिजम् फ्रम प्लेटो टु द प्रिजेन्ट, यु.एस.ए, ब्ल्याकवेल पब्लिसिङ ।